# <u>राजपुर गाउँपालिकाको आर्थिक ऐन</u>

## राजपुर गाउँपालिका अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

## प्रस्तावना

राजपुर गाउँपालिकाको आर्थिक वर्ष 2075/076 को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा 288 को उपधारा (2) बमोजिम राजपुर गाउँ सभाले यो ऐन बनाएको छ ।

1. **संक्षिप्त नाम र प्रारम्भ :** (1) यस ऐनको नाम "आर्थिक ऐन, 20७५" रहेको छ ।
 (2) यो ऐन 207५ साल श्रावण 1 गतेदेखि राजपुर गाउँपालिका क्षेत्रमा लागू हुनेछ।
2. **सम्पति कर :** यथासशिघ्र कानून निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।
3. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।
4. **घर वहाल कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।
5. **व्यवसाय कर**ः गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।
6. **जडिबुटी, कवाडी र जीवजन्तु कर**ः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (४) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।
7. **सवारी साधन कर**ः गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।
8. **विज्ञापन कर**ः गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।
9. **मनोरन्जन कर**ः गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।
10. **बहाल बिटौरी शुल्क**ः गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार वा पसलमा यस प्रकारको बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।यस्ता शुल्कहरुको दर गाउँपालिकाको आफ्नै संरचना तयार भइसकेपछि निर्धारण गरी लगाइनेछ ।
11. **पार्किङ शुल्क**ः गाउँपालिकाक्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (८) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

12. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूची (९) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

13. **सेवा शुल्क, दस्तुरः** गाउँपालिका निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूची १० मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

14. **पर्यटन शुल्क :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट कुनै पनि प्रकारको शुल्क असुल गरिनेछ ।तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

15. **वनजन्य पदार्थ दस्तुरः** गाउँपालिका क्षेत्रभित्रका वनहरुबाट व्यवसायिक प्रयोजनका लागि काठ निकासी गर्दा अनुसूची ११ बमोजिम दस्तुर लगाइनेछ ।

16. **नदीजन्य पदार्थ दस्तुरः** गाउपालिका क्षेत्रभित्रका खोलानाला र नदीहरुबाट गाउँपालिका भित्रको विकास निर्माण तथा गाउँपालिका क्षेत्रभित्रका जनताको घरायसी प्रयोजनका लागि अनुसूची १२ बमोजिमको दस्तुर लागाइनेछ । व्यवसायिक प्रयोजनका लागि निकासी गर्दा गाउँ कार्यपालिकाको निर्णय बमोजिम गरिनेछ ।

17. **नक्सापास सम्बन्धी दस्तुरः** यस गाउँपालिका भित्र भवन वा घर निर्माण गर्दा अनिवार्य रुपमा नक्सा पास गर्नु पर्नेछ । यस्तो नक्सा पास सम्बन्धी दस्तुर अनुसूची १३ बमोजिम हुनेछ ।

18. **कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

19. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

20. **संशोधन तथा खारेजीः** यो ऐन गाउँसभाको दुईतिहाइ बहुमतबाट खारेज गर्न सकिनेछ भने सामान्य बहुमतबाट आवश्यक संशोधन गर्न सकिनेछ ।

## अनुसूची–१

भूमिकर ( मालपोत)

| | | |
|---|---|---|
| १ | १ कट्ठादेखि ३ कट्ठासम्म एकमुष्ठ | १० रुपैयाँ |
| २ | ३ कट्ठादेखि २० कट्ठा | ६० रुपैयाँ प्रति विगाहा |
| ३ | १ विगाहा देखि डेढ बिगाहा | ७० रुपैया प्रति विगाहा |
| ४ | डेढ बिगाहादेखि ३ बिगाहा | १०० रुपैया प्रति विगाहा |
| ५ | ३ विगाहा देखि ५ विगाहा | २०० रुपैया प्रति विगाहा |
| ६ | ५ विगाहा देखि १० बिगाहा | ५०० रुपैयाँ प्रति विगाहा |
| ७ | १० बिगाहादेखि माथि | १००० रुपैयाँ प्रति विगाहा |

## अनुसूची–२

घर बहाल कर

| | | |
|---|---|---|
| १ | ग्यारेज, गोदाम, जग्गा वा पोखरी | १२ प्रतिशत संघिय समेत |
| २ | बाँकी सबै प्रकारका घर बहाल | १२ प्रतिशत संघिय समेत |

नोट–सघिय सरकारले १० प्रतिशत र २ प्रतिशत गाउपालिकाले बहाल कर लिएपछि १२ प्रतिशत घर बहाल कर लिने यदि संघिय सरकारले उक्त कर नलिएमा १० प्रतिशत गाउपालिकाले मात्र घरबहाल कर लिने ।

## अनुसूची–३

क. व्यवसाय कर

उद्योगहरुः

| | | |
|---|---|---|
| १ | कुटानी पिसानी र तेल मिल | १५०० |
| २ | फर्निचर उद्योग | ७५०० |
| ३ | दाना उद्योग | ४००० |
| ४ | कापी उद्योग | ३००० |
| ५ | मैनबत्ती उद्योग | ५०० |
| ६ | पोल्ट्री फर्म सानो | १००० |
| ७ | पोल्ट्री फर्म ठुलो | २००० |
| ८ | स मिल | १०००० |
| ९ | मिल कुटानी पिसानी मात्र | १००० |
| १० | तोरी पेल्ने मिल | ५०० |
| ११ | मसला मिल | ७०० |
| १२ | चिउरा मिल | १००० |
| १३ | डेरी उद्योग | १५०० |
| १४ | डेरी पसल | ५०० |
| १५ | कुकिज । पाउरोटी उद्योग | १००० |
| १६ | उपभोग्य वस्तु उत्पादन उद्योग | १००० |
| १७ | कृषि तथा वनजन्य उद्योग | १००० |
| १८ | बिस्कुट तथा दालमोठ उद्योग | १००० |
| १९ | वायोग्यास र सौर्य शक्ति उत्पादन उद्योग | २००० |
| २० | कंक्रिट/ब्लक उद्योग | २५०० |
| २१ | बेत बाँसको उद्योग | १००० |
| २२ | कृषि औजार उद्योग | १००० |
| २३ | क्रसर उद्योग | ५०००० |
| २४ | अफसेट प्रेस | २००० |
| २५ | लेटर प्रेस | १००० |
| २६ | जुत्ता चप्पल उद्योग | २००० |
| २७ | इटा उद्योग चिम्नी | ३५००० |
| २८ | इटा उद्योग साधारण भुसे | १०००० |
| २९ | मेटल/ग्रिल उद्योग | २००० |
| ३० | होजियारी उद्योग | २००० |
| ३१ | चाउमिन उद्योग | १५०० |
| ३२ | मिनरल वाटर उद्योग | ५००० |
| ३३ | आल्मुनियम उद्योग | ५००० |

ख. कृषि व्यवसाय

| | | |
|---|---|---|
| १ | भैसीपालन व्यवसाय | ५०० |
| २ | गाइपालन व्यवसाय | ५०० |
| ३ | बाख्रापालन व्यवसाय | ५०० |
| ४ | बङ्गुर पालन | ५०० |
| ५ | फ्रेस हाउस/माछा मासु पसल | १००० |
| ६ | कोल्ड स्टोर | ५००० |
| ७ | तरकारी तथा फलफूल पसल | ५०० |

ग. व्यापारिक वस्तु

| | | |
|---|---|---|
| १ | डिपार्टमेन्टल स्टोर | ५००० |
| २ | मोटरसाइकल सोरुम | ६००० |
| ३ | निर्माण सामग्री, सानो/ठुलो मिक्स्चर मेशिन | २०००/५००० |
| ४ | चुरोट डिलर | ८००० |
| ५ | चुरोट पसल | ४००० |
| ६ | रक्सी तथा मदिराजन्य पसल रु ३ लाखसम्मको | ३००० |
| ७ | रक्सी तथा मदिराजन्य पसल रु ३ लाखभन्दा माथि | ५००० |
| ८ | रक्सी तथा मदिराजन्य डिलर | १०००० |
| ९ | सिडी डिभिडि तथा खुद्रा इलेक्ट्रोनिक्स सामान | १५०० |
| १० | मोबाइल पसल | २००० |
| ११ | पुस्तक पसल | १००० |
| १२ | पत्रपत्रिका पसल | ५०० |
| १३ | पान पसल | ५०० |
| १४ | तमाखु पसल | १००० |
| १५ | कलर ल्याब | १५०० |
| १६ | तयारी पोसाक उद्योग | ५००० |
| १७ | चस्मा पसल | ५०० |
| १८ | बिजुली पसल इलेक्ट्रिकल | २५०० |
| १९ | सवारीसाधन पार्टपुर्जा मोटर पार्टस् | ३००० |
| २० | कस्मेटिक पसल | १५०० |
| २१ | टायर ट्युब पसल | १००० |
| २२ | पेट्रोल पम्प | २०००० |
| २३ | कपडा पसल | २००० |
| २४ | औषधी पसल | ३००० |
| २५ | भेटेरनरी / एग्रो औषधी पसल | १५०० |
| २६ | किराना पसल थोक बिक्रेता | ४००० |
| २७ | किराना पसल फुटकर बिक्रेता सानो/ ठुलो | १०००/१५०० |
| २८ | भाँडा पसल | १५०० |
| २९ | खेलौना पसल | १००० |
| ३० | जुत्ता पसल | १००० |
| ३१ | मोटरसाइकल वर्कसप | २००० |
| ३२ | साइकल बिक्री सोरुम | १००० |
| ३३ | साइकल वर्कसप | ५०० |
| ३४ | रिकण्डिसन सवारी मोटरसाइकल | २५०० |
| ३५ | सुन चाँदी पसल | ५००० |
| ३६ | पूजा सामग्री पसल | २०० |
| ३७ | हेयर कटिङ सैलुन | १००० |
| ३८ | ड्राइभिङ इन्स्टिच्युट | ५००० |
| ३९ | फ्लेक्स प्रिन्ट सेवा | ४००० |
| ४० | प्लाष्टिक सामग्री पसल | २००० |
| ४१ | ग्याँस पसल | ३००० |
| ४२ | कोल्ड ड्रिङ्स डिलर | ३००० |
| ४३ | कोल्ड ड्रिङ्स पसल | १५०० |
| ४४ | मिठाई पसल/ मिष्ठान्न भण्डार | १००० |
| ४५ | बोटबिरुवा नर्सरी | ५०० |

| | | |
|---|---|---|
| ४६ | केबल लाईन प्रशारण | २५०० |
| ४७ | एफ एम प्रशारण | ५००० |
| ४८ | इन्टरनेट सेवा प्रदायक | ५००० |
| ४९ | सामुदायिक एफ एम रेडियो | २००० |
| ५० | पुल हाउस/इस्नुकर | २५०० |
| ५१ | ट्रान्सपोर्ट सेवा | २००० |
| ५२ | माटाका भाँडा | ५०० |
| ५३ | मादल/संगीत सामग्री | ५०० |
| ५४ | डाला नाङ्ला पसल | २०० |
| ५५ | सोलार पावर सप्लायर्स | ३००० |
| ५६ | हेन्डिक्राफ्ट पसल | ३०० |
| ५७ | जडिबुटी पसल | २०० |
| ५८ | निर्माण व्यवसायी क | २५००० |
| ५९ | निर्माण व्यवसायी ख | २०००० |
| ६० | निर्माण व्यवसायी ग | १५००० |
| ६१ | निर्माण व्यवसायी घ | १०००० |
| ६२ | निर्माण व्यवसायी घ अनुमति | ३५००० |
| ६३ | होटल लज ठुलो/सानो | २०००/१००० |
| ६४ | ससाना चिया नास्ता पसल | ५०० |
| ६५ | रेष्टुरेन्ट तथा बार | ५००० |
| ६६ | गजल/दोहरी रेष्टुरेन्ट | ५००० |
| ६७ | सार्वजनिक परिवहन सेवा गाउँपालिका भित्र प्रधान कार्यालय रहेको | ५००० |
| ६८ | सार्वजनिक परिवहन सेवा गाउँपालिका भित्र शाखा कार्यालय रहेको | ३००० |
| ६९ | फोटोग्राफी/ भिडियोग्राफी | १००० |
| ७० | निजी मोबाइल सेवा केन्द्र प्रति टावर | १०००० |
| ७१ | फ्याक्स फोटोकपी तथा प्रिन्टिङ | १००० |
| ७२ | कुरियर सेवा | ५०० |
| ७३ | साइबर | १००० |
| **घ. बित्तीय सेवा** | | |
| १ | आर्थिक कारोबार गर्ने बित्तीय कम्पनीको मुख्य कार्यालय | ५००० |
| २ | वित्तीय कम्पनीको शाखा उपशाखा कार्यालय | ३००० |
| ३ | बिमा कम्पनी | ५००० |
| ४ | विदेशी मुद्रा सटही | २००० |
| ५ | मनि ट्रान्सफर | २००० |
| ६ | धितोपत्र कारोबार | १०००० |
| ७ | बिमा कम्पनीका शाखा कार्यालयहरु | ३००० |
| ८ | सहकारी संस्था बहुउद्देश्यीय | ३००० |
| ९ | सहकारी संस्था एकल उद्देश्यीय | १००० |
| १० | बहुउद्देश्यीय बाहेक सबै प्रकारका सहकारी | १००० |
| ११ | वाणिज्य बैँक क वर्ग शाखा कार्यालय | १२००० |
| १२ | ख वर्गका बैँकहरु शाखा कार्यालय | ७५०० |
| १३ | ग वर्गका बैँकहरु शाखा कार्यालय | ५००० |
| १४ | घ वर्गका बैँकहरु शाखा कार्यालय | ४००० |
| **ङ. स्वास्थ्य सेवा** | | |
| १ | सामुदायिक अस्पताल | ५००० |
| २ | निजीस्तरका अस्पताल तथा रिसर्च सेन्टर | १०००० |

| | | |
|---|---|---|
| ३ | नर्सिङ होम | १०००० |
| ४ | ल्याब तथा क्लिनिक | १५०० |
| ५ | होमियोप्याथि तथा प्राकृतिक चिकित्सा क्लिनिक | १००० |
| ६ | आयुर्वेदिक औषधी पसल | ५०० |
| ७ | चिकित्सक | ३००० |
| ८ | पशु चिकित्सक | १००० |
| ९ | इन्जिनियर | २००० |
| **च. अन्य व्यवसाय** | | |
| १ | लेखा परीक्षक क | ४००० |
| २ | लेखा परीक्षक ख | ३००० |
| ३ | लेखा परीक्षक ग | २००० |
| ४ | लेखा परीक्षक घ | १५०० |
| ५ | कानुन व्यवसायी | ३००० |
| ६ | अनुसन्धानकर्ता तथा परामर्श सेवा | ३००० |
| ७ | बिमा एजेन्ट | ५०० |
| ८ | पेन्टर/आर्ट सेन्टर | १००० |
| ९ | विज्ञापन एजेन्सी | २५०० |
| १० | वैदेशिक रोजगार सेवा | ५००० |
| ११ | ड्राइ क्लिनर्स | १००० |
| १२ | व्युटी पार्लर | १५०० |
| १३ | रियलस्टेट | २५००० |
| १४ | टेलरिङ सेन्टर | २००० |
| १५ | ट्युसन तथा कोचिङ सेन्टर | २५०० |
| १६ | निजी क्षेत्रका होस्टेलहरु | १५०० |
| १७ | निजी प्राविधिक शिक्षालय | ५००० |
| १८ | कम्प्युटर इन्स्टिच्युट | २५०० |
| १९ | भाषा प्रशिक्षण केन्द्र | १५०० |
| २० | हेभी इक्युपमेन्ट मर्मत केन्द्र | ४००० |
| २१ | बस ट्रक कार मर्मत केन्द्र | ३००० |
| २२ | विद्युतीय सामग्री मर्मत केन्द्र | १५०० |
| २३ | रेडियो घडी मर्मत केन्द्र | ५०० |
| २४ | सिलाई प्रशिक्षण केन्द्र | ३००० |
| २५ | घुम्ती कपडा र भाडाँ बिक्रेता | २००० |
| | घुम्ती  बिक्रेता गाडीबाट बेच्ने | ४००० |
| | घुम्ती  बिक्रेता मोटरसाइकलबाट बेच्ने | २००० |
| | घुम्ती  बिक्रेता साइकलबाट बेच्ने | ३५० |
| २६ | पटके हाटबजार सबै प्रकारका | २५ |
| २७ | निजी वाल विकास केन्द्र | २००० |
| २८ | निजी आधारभूत विद्यालय | ५००० |
| २९ | निजी माध्यमिम विद्यालय | १०००० |
| ३० | निजी स्नातक / स्नातकोत्तर | १५००० |

पुनश्चः माथि उल्लिखित तथा अन्य व्यवसाय पहिलो पटक दर्ता गर्दा ब्यबसाय लगानीका आधारमा शुन्य दशमलव दुइ पाचँ प्रतिशत दर्ता शुल्क लाग्नेछ तर मदिरा तथा सूर्तीजन्य पदार्थमा शून्य दशमलव ३ प्रतिशत दर्ता शुल्क लाग्नेछ ।

## अनुसूची–४

जडिबुटी कवाडी र जीवजन्तु कर

| | | |
|---|---|---|
| १ | उन प्रति किलो | ० ।७५ |
| २ | जडिबुटी प्रति किलो | १ ।०० |
| ३ | खोटो प्रति किलो | १ ।०० |
| ४ | बनकस | ५०० प्रति ट्रयाक्टर |
| ५ | कवाडी माल धातुजन्य | प्रति ट्रयाक्टर १००० |
| ६ | कवाडी माल अन्य | प्रति ट्रयाक्टर ५०० |
| ७ | जीवजन्तुको हाड सिङ प्वाख छाला कानुनद्वारा निषेधित बाहेक | 1 प्रति किलो |

## अनुसूची–५

सवारी साधन कर

| | | |
|---|---|---|
| १ | मोटरसाइकल | ५०० |
| २ | रिक्सा/ अटो रिक्सा/ | ५०० |
| ३ | जीप कार भाडाका | २००० |
| ४ | जीप कार व्यक्तिगत | १००० |
| ५ | बस | २५०० |
| ६ | ट्रेक्टर | २००० |
| ७ | ट्रक टिप्पर | ५००० |
| ८ | लोडर लगाएतका ह्याभ्भी इक्विपमेन्ट | १०००० |
| ९ | डोजर | १५००० |

## अनुसूची–६

विज्ञापन कर

| | | |
|---|---|---|
| १ | प्रकाशन तुल ब्यानर | २ रुपैयाँ प्रति बर्गफुट |
| २ | होडिङ बोर्ड ब्यापारिक प्रयोजन | ५ रुपैयाँ प्रति बर्गफुट |
| ३ | माइकिङ | 50 रुपैयाँ प्रतिदिन |

## अनुसूची–७

मनोरञ्जन कर

| | | |
|---|---|---|
| १ | चलचित्र हल | ५००० |
| २ | डान्सक्लब | ३००० |
| ३ | गजल दोहरी रेष्टुरेन्ट | २००० |
| ४ | नाटकघर/थिएटर | १००० |
| ५ | जादू सर्कस लगायत अन्य | 500प्रतिदिन |

## अनुसूची–८

पार्किङ शुल्क

| | | |
|---|---|---|
| १ | मोटरसाइकल प्रतिघण्टा | ५ |
| २ | रिक्सा/अटो रिक्सा/प्रतिघण्टा | ५ |
| ३ | जीप कार प्रतिघण्टा | १० |
| ४ | बस ट्रेक्टर प्रतिघण्टा | १५ |
| ५ | ट्रक टिप्पर प्रतिघण्टा | २० |
| ६ | जेसिबि डोजर लोडर लगाएतका ह्याभ्भी इक्विपमेन्ट प्रतिघण्टा | २५ |

## अनुसूची–९

पर्यटन व्यवसाय

| | | |
|---|---|---|
| १ | ट्रेकिङ | ५०० |

| | | |
|---|---|---|
| २ | र्याफ्टिङ | ५०० |
| ३ | बञ्जी जम्पिङ | ५०० |
| ४ | अन्य सबै प्रकारका पर्यटन व्यवसाय | ५०० |

## अनुसूची–१०

सेवा शुल्क तथा सिफारिस दस्तुर

| | | |
|---|---|---|
| १ | निवेदन दस्तुर | २५ |
| २ | नागरिकता सिफारिस बंशज | १५० |
| ३ | नागरिकता सिफारिस जन्मसिद्ध | १०५० |
| ४ | नागरिकता सिफारिस वैवाहिक अंगीकृत | १५५० |
| ५ | नागरिकताको प्रतिलिपी सिफारिस | १५० |
| ६ | नागरिकताको संशोधन सिफारिस | १५० |
| ७ | नाता प्रमाणित | ३५० |
| ८ | विद्युत जडान सिफारिस | ४०० |
| ९ | विद्युत जडान थ्रिफेज अन्य प्रयोजन | १००० |
| | विद्ध्धुत जडान थ्रिफेज कृषी प्रयोजन | ७५० |
| १० | नाम संशोधन, नाम छुट तथा दुई नाम एकै सिफारिस | ३५० |
| ११ | जन्ममिति प्रमाणित | १५० |
| १२ | स्थायी वा अस्थायी वसोवास सम्बन्धी सिफारिस | ३५० |
| १३ | नाम थर जन्ममिति संशोधन सिफारिस | ३५० |
| १४ | घरजग्गा नामसारी सिफारिस | ३५० |
| १५ | सम्बन्धविच्छेद भएको सिफारिस | ३५० |
| १६ | फुकुवा सिफारिस | ३५० |
| १७ | पेन्सन वा सो सँग सम्बन्धित अन्य सिफारिस स्वदेश | ३५० |
| १८ | पेन्सन वा सो सँग सम्बन्धित अन्य सिफारिस सार्क राष्ट्र | ७५० |
| १९ | पेन्सन वा सो सँग सम्बन्धित अन्य सिफारिस अन्यराष्ट्र | १५०० |
| २० | हकवाला संरक्षक सिफारिस | ५०० |
| २१ | अविवाहित प्रमाणीकरण सिफारिस | ३५० |
| २२ | नक्कल प्रमाणित दस्तुर | १०० |
| २३ | व्यवसाय दर्ता प्रमाणपत्रको नक्कल | ७५० |
| २४ | व्यवसाय दर्ता लगत कट्टाको सिफारिस | ५०० |
| २५ | घरनक्सा नामसारी | १००० |
| २६ | घर निर्माण सम्पन्न सिफारिस आरसिसि | १५०० |
| २७ | घर निर्माण सम्पन्न सिफारिस कच्ची | २०० |
| २८ | निजी क्षेत्रमा रुख कटान सिफारिस | प्रति रुख ५०० |
| २९ | मिलापत्र दस्तुर दुबैपक्षबाट आधा आधा | १०० |
| ३० | नावालक परिचयपत्र सिफारिस | निशुल्क |
| ३१ | व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र | निशुल्क |
| ३२ | व्यक्तिगत घटना दर्ता ३५ दिनभन्दा माथि | ५० |
| ३३ | दलित जनजाती आदिवासी सिफारिस | ३५० |
| ३४ | कर चुक्ता सिफारिस स्वदेशमा प्रयोग | २५० |
| ३५ | कर चुक्ता सिफारिस विदेशमा प्रयोग हुने | २५०० |
| ३६ | पारिवारिक विवरण सिफारिस | २०० |
| ३७ | खानेपानी जडान सम्बन्धी सिफारिस | ३५० |
| ३८ | २० लाख भन्दा कम लगानीमा स्थापना हुने उद्ध्योग तथा व्यवसाय दर्ताको सिफारिस दस्तुर | ७५० |
| ३९ | २० लाख भन्दा बढी लगानीमा स्थापना हुने उद्ध्योग तथा व्यवसाय दर्ताको | ०.१० प्रतिशत |

| | | |
|---|---|---|
| | सिफारिस दस्तुर | |
| ४० | निजी वाल विकास केन्द्र सञ्चालनको अनुमति | १००० |
| ४१ | निजी आधारभूत विद्यालय | ५००० |
| ४२ | निजी माध्यमिक विद्यालय | १०००० |
| ४३ | निजी स्नातक / स्नातकोत्तर | १५००० |
| ४४ | सामुदायिक वाल विकास केन्द्र सञ्चालनको अनुमति | ५०० |
| ४५ | सामुदायिक आधारभूत विद्यालय | २५०० |
| ४६ | सामुदायिक माध्यमिक विद्यालय | ५००० |
| ४७ | सामुदायिक स्नातक/ स्नातकोत्तर | ७५०० |
| ४८ | अङ्ग्रेजी भाषामा गरिने सिफारिस दस्तुर | ५०० |
| ४९ | चारकिल्ला प्रमाणित | ५०० |
| ५० | ग्रामीण क्षेत्रमा घरबाटो सिफारिस | ५०० |
| ५१ | कालोपत्रेसंग जोडिएको घरबाटो सिफारिस | ६०० |
| ५२ | संस्था दर्ता सिफारिस | ५०० |
| ५३ | आइएनजीओको शाखा खोल्दाको सिफारिस | ११०० |
| ५४ | सम्पत्ति मूल्याङ्कन स्वदेशी तथा विदेशी | प्रतिहजार रु १ र १.५ |
| ५५ | आयस्रोत प्रमाणित | प्रतिहजार रु १ |
| ५६ | मुचुल्का प्रमाणित | ५०० |
| ५७ | सामुदायिक वनबाट रुख कटान सिफारिस | ५०० प्रति रुख |
| ५८ | माथि उल्लेख भए बाहेकका सबै प्रकारका सिफारिस | ३५० |
| ५९ | योजना माग सिफारिस बाह्य | ५०० |
| ६० | योजना कार्यान्वयन सिफारिस बाह्य | ०।५० प्रतिशत |
| ६१ | फरकक्षमताको व्यक्तिपरिचयपत्र, निशुल्क उपचार, विपद् सम्बन्धी, हिंसापीडित महिला तथा वालवालिकको निशुल्क मुद्दा सिफारिस | कुनै दस्तुर नलाग्ने |

## अनुसूची–११

वनजन्य वस्तु

| | | |
|---|---|---|
| १ | सामुदायिक वनबाट काठ/दाउरा बिक्री (वाह्य खपत) | ५ प्रतिशत |
| २ | सामुदायिक वनबाट काठ खरिदकर्तासँग (वाह्य खपत) | 2 प्रतिशत |

## अनुसूची–१२

नदीजन्य पदार्थ

| सिन | विवरण | दर रकम |
|---|---|---|
| १ | ढुङ्गा/गिट्टी/बालुवा/माटो (घरायसी तथा गाउँपालिका भित्रको विकास निर्माण प्रयोजनको लागि) | प्रति ट्रयाक्टर ३००/२००/१५०/१५० |
| २ | राजपुर गाउँपालिकादेखि बाहिर प्रयोग हुनेको हकमा | प्रति ट्रयाक्टर २५००/१२००/१०००/५०० |
| ३ | राजपुर गाउँपालिकामा उद्ध्योग स्थापना गरी नदीजन्य पदार्थ प्रयोग शुल्क | प्रति ट्रयाक्टर २५००/१२००/१०००/५०० |

## अनुसूची–१३

नक्सा पास दस्तुर

| क्र सं | विवरण | रकम |
|---|---|---|
| १ | नक्सा पास निवेदन दस्तुर | ५५० |

| | | |
|---|---|---|
| २ | नक्सा पास आरसिसिः पहिलो र दोस्रो तला | रु ५ (प्रतिवर्गफुट) |
| ३ | नक्सा पास आरसिसिः तेस्रो तला भन्दा माथि | रु १० (प्रतिवर्गफुट) |
| ४ | नक्सापास कच्ची घर | रु १ रुपैया (प्रतिवर्गफुट) |
| ५ | खरको छाना भएको एकतले कच्चीघर | निशुल्क |